**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०१ अप्रेल २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- राज्यसभाले आज केन्द्रीय सशस्त्र पुलिस बल (सामान्य प्रशासन) विधेयक, २०२६ लाई ध्वनिमतले पारित गरेको छ।

- पश्चिम बंगाल विधानसभा चुनाउअघि प्रवर्तन निर्देशनालय (ईडी) ले फेरी कोलकाताका विभिन्न स्थानमा एकैसाथ छापा मरेको छ।

- चुनाउ आयोगले पश्चिम बंगालको नादिया जिल्लामा मतदान प्रशिक्षण कार्यक्रममा भएको हिंसाको मामिलामा कड़ा कारबाही गर्दै एकजना खण्ड विकास अधिकारी (बीडीओ)-लाई निलम्बन गर्ने आदेश दिएको छ।

- खरसाङ अनि कालेबुङ विधानसभा क्षेत्रका लागि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका उम्मेद्वार अमर लामा अनि रूदेन् सादा लेप्चाले आज आफ्नो नामांकन पत्र बुझाएका छन् |

- पश्चिम बंगालको राजधानी कोलकातामा गरिएको एक ठूलो कारबाहीमा, आयकर विभागले लगभग ४.५४ करोडको विदेशी मुद्रा जफत गरेको छ।

**राज्यसभा-सीएपीएफ विधेयक पारित**

राज्यसभाले आज केन्द्रीय सशस्त्र पुलिस बल (सामान्य प्रशासन) विधेयक, २०२६ लाई ध्वनिमतले पारित गरेको छ। गृह राज्यमन्त्री नित्यानन्द रायले गत हप्ता विधेयक प्रस्तुत गर्नुभएको थियो। विधेयकले केन्द्रीय सशस्त्र पुलिस बलमा समूह ए सामान्य कर्तव्य अधिकारीहरू र अन्य अधिकारीहरूको भर्ती र सेवा सर्तहरूसँग सम्बन्धित सामान्य नियमहरू नियमन गर्ने लक्ष्य राखेको छ।विधेयकमा महानिरीक्षक पदका कुल पदहरूको ५० प्रतिशत, अतिरिक्त महानिरीक्षक पदका पदहरूको कम्तिमा ६७ प्रतिशत, र विशेष महानिरीक्षक र महानिरीक्षक पदका सबै पदहरू प्रतिनियुक्तिमा भारतीय पुलिस सेवा (आईपीएस) अधिकारीहरूले भर्ने व्यवस्था गरिएको छ।विधेयकमाथिको चर्चाको जवाफ दिनुहुदै गृह राज्यमन्त्रीले विधेयकले भारतको आन्तरिक सुरक्षा प्रणालीलाई सुदृढ पार्ने र सीएपीएफ अधिकारीहरूको सेवा सर्तहरूमा थप स्पष्टता र एकरूपता ल्याउने लक्ष्य राखेको बताउनुभयो।केन्द्रीय मन्त्रीले यसलाई केवल विधायी प्रस्तावको रूपमा मात्र नभई देशको सुरक्षा प्रणालीलाई बलियो, सुदृढ़ र अझ व्यवस्थित बनाउन महत्त्वपूर्ण सुधारको रूपमा हेर्नुपर्ने बताउनुभयो।श्री रायले विधेयक मार्फत अधिकारीहरूको सेवा अवस्था र क्याडर व्यवस्थापनमा चुनौतीहरूमा लामो समयदेखि रहेको संरचनात्मक असन्तुलनलाई सम्बोधन गर्ने र परिचालन दक्षता सुधार गर्ने प्रयास गरिएको बताउनुभयो।

**पश्चिम बंगाल ईडी**

पश्चिम बंगाल विधानसभा चुनाउअघि प्रवर्तन निर्देशनालय (ईडी) ले फेरि एक पलक आफ्नो गतिविधि बढ़ाएको छ। आज बिहान कोलकाताका विभिन्न स्थानमा ईडीले एकैसाथ छापा मरेको छ। यो छापामारी अभियानमा दक्षिण कोलकाताको कसबा क्षेत्रका व्यापारी विश्वजीत पोद्दार उर्फ सोना पप्पुको निवास पनि सामेल छ। यस बाहेक बालीगंज स्थित एक कम्पनीको कार्यालय सहित धेरै स्थानहरूमा छापामारी गरिएको छ।

***ईडी सूत्रहरू अनुसार, सोना पप्पु विरुद्ध पहिले नै धेरै एफआईआरहरू दायर भइसकेको छ। पप्पु माथि बलजफ्ती चन्दा असुली, धम्की र अन्य आपराधिक गतिवइधिहरूको आरोप छ। यीमध्ये चार वा पाँच मुद्दाहरूको अनुसन्धान विगत केही दिनदेखि जारी छ, जसले गर्दा आज छापा मारिएको हो। रिपोर्ट अनुसार, ईडीका अधिकारीहरू***

***केन्द्रिय पुलिस बलहरूसँगै बिहान 7 बजी फर्न रोड स्थित पप्पुको घरमा पुगेका थिए।ईडी अनुसार, सोना पप्पुमाथि कसबा र बालीगंज क्षेत्रका धेरै सिन्डिकेटहरूलाई नियन्त्रण गरेको आरोप छ। सोना पप्पुको आवास बाहेक ईडीले दक्षिण कोलकाताका अन्य धेरै स्थानहरूमा पनि छापा मरेको छ। वित्तीय अनियमिततासँग सम्बन्धित मुद्दाको सम्बन्धमा बालीगंज स्थित "सन इन्टरप्राइज" नामक कम्पनीको कार्यालयमा पनि खोजी गरिएको छ। यद्यपि, यो कम्पनीको सोना पप्पुसँग प्रत्यक्ष सम्बन्ध छ कि छैन भन्ने कुरा अझै स्पष्ट छैन।***

**चुनाउ आयोग**

चुनाउ आयोगले पश्चिम बंगालको नादिया जिल्लामा मतदान प्रशिक्षण कार्यक्रममा भएको हिंसाको मामिलामा कड़ा कारबाही गर्दै एकजना खण्ड विकास अधिकारी (बीडीओ)-लाई निलम्बन गर्ने आदेश दिएको छ। साथै सम्बन्धित बीडीओविरूद्ध विभागीय कारबाही शुरू गर्ने निर्देश पनि दिइएको छ। यो घटना गत 27 मार्चको दिन हंसखाली खण्डको एक स्कूलमा आयोजित पीठासीन अनि मतदान अधिकारीहरूको प्रशिक्षण कार्यक्रममा भएको थियो जसमा एकजना शिक्षकको टाउकोमा चोट लागेको थियो अनि रानाघाट थानामा प्राथमिकी दर्ता गरिएको थियो।

***चुनाउ आयोगले राज्य प्रशासनलाई पठाएको आफ्नो पत्रमा , हंसखालीका बीडीओ सायंतन भट्टचार्य जो पश्चिम बंगाल सिभिल सेवा (कार्यकारी)- का अधिकारी हुन् र प्रशिक्षण कार्यक्रमका समग्र प्रभारी थिए,-लाई आफ्नो चुनावी दायित्वको निर्वहनमा मानक प्रोटोकललाई पालन गर्नमा विफल भएको बताएको छ।आदेशमा, प्रभारी अधिकारीको लापरवाहीले गर्दा यस घटनाले स्वतन्त्र, निष्पक्ष एवं पारदर्शी चुनाउ गराउने आयोगका प्रयासहरूमाथि प्रतिकूल प्रभाव पारेको छ। आयोगले निर्देश दिएको छ, सायंतन भट्टचार्यलाई तत्काल प्रभावदेखि निलम्बन गरियोस् अनि उनीविरूद्ध विभागीय कारबाही शुरू गरियोस्।चुनाव आयोगले राज्य प्रशासनलाई तत्काल निर्देशहरूलाई पालन गर्ने अनि अनुपालन रिपोर्ट सुम्पिने निर्देश पनि दिएको छ।प्रतिभागीहरू अनुसार प्रशिक्षण शुरू हुनअघि प्रोजेक्टरमा मुख्यमन्त्रीको तस्वीर भएको एक सरकारी विज्ञापन देखाइएको थियो। केही मतदान अदिकारीहरूले यसलाई आदर्श आचार संहिताको उल्लंघन बताउँदै आपत्ति जनाएका थिए।***

**पश्चिम बंगालमा मतदाता सूची**

पश्चिम बंगालमा मतदाता सूचीसँग सम्बन्धित "तार्किक विसंगति" को रूपमा वर्गीकृत मामिलाहरूको न्यायिक जाच प्रक्रियामा तीव्रता आएको छ । अहिलेसम्म ७८ प्रतिशतभन्दा बढी मामिलाहरूको छानबिन भइसकेको छ, जबकि लगभग १३ लाख मामिलाहरू विचाराधीन छन्।आज, अधिकारीहरूले रिपोर्ट गरे अनुसार झारखंड र ओडिशाका लगभग १०० अधिकारीहरू सहित ७०० भन्दा बढी न्यायिक अधिकारीहरू यस प्रक्रियामा संलग्न छन्। मुख्य निर्वाचन अधिकारीको कार्यालयका एक स्रोतका अनुसार, जाचको गतिलाई ध्यानमा राख्दै, बाँकी प्रक्रिया यस हप्ता पूरा हुने अपेक्षा गरिएको छ।स्रोतका अनुसार हिज रातिसम्म अनुसन्धान गरिएका ४७ लाख मामिलाहरूबाट हटाइने नामहरूको सही संख्या अझै खुलस्त गरिएको छैन। यस प्रक्रियामा नाम हटाइएका मतदाताहरूलाई पुनरावेदन गर्ने अधिकार हुनेछ। प्रभावित मतदाताहरूले आफ्नो पुनरावेदन दायर गर्न सक्ने उन्नाइस पुनरावेदन न्यायाधिकरणहरू स्थापना गरिएको छ।

**ममता ब्यानर्जी नामांकन**

भवानीपुर विधानसभा क्षेत्रबाट तृणमूल कंग्रेसकी उम्मेद्वार ममता ब्यानर्जीले आगामी 8 अप्रेलको दिन आफ्नो नामांकन पत्र दर्ता गराउ सक्ने सम्भावना छ। पार्टी सूत्रानुसार अनुसार उहाँले कालीघाटस्थित आफ्नो आवासबाट ऱ्याली निकालेर गोपालनगर सर्वे भवनसम्म गएर नामांकन दर्ता गर्नेछन्। यस ऱ्यालीमा तृणमूल कंग्रेसका प्रदेश अध्यक्ष सुब्रत बख्शी, कोलकाताका मेयर तथा राज्यका नगरविकास मन्त्री फिरहाद हकिम (बबी) अनि दक्षिण कोलकाता तृणमूलका अध्यक्ष देवाशिष कुमार साथै भवानीपुर क्षेत्रका सबै तृणमूल पार्षदहरू पनि उपस्थित रहने सम्भावना छ। यसबीच भारतीय जनता पार्टी (भाजपा)-का नेता शुभेन्दु अधिकारीले पहिलाबाटै भवनीपुरमा चुनाउ प्रचार शुरू गरिसक्नु भएको छ। तथापि ममता ब्यनर्जीले आफ्नो निर्वाचन क्षेत्रमा अहिलेसम्म औपचारिक रूपमा प्रचार शुरू गर्नुभएको छैन। पार्टी सूत्र अनुसार ममता ब्यनर्जीले नामांकन पत्र दर्ता गरेपछि भवानीपुरमा प्रचार अभियान आरम्भ गर्नुहुनेछ।

**मुख्यमन्त्री ममता बनर्जी**

तृणमूल कांग्रेस प्रमुख तथा पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले बुधबार निर्वाचन आयोगद्वारा नियुक्त गरिएका नयाँ अधिकारीहरूलाई उहाँको पार्टीका उम्मेदवारहरूको नामांकन अस्वीकार गर्ने जिम्मेवारी दिइएको आरोप लगाउनुभएको छ। उहाँले पार्टीका उम्मेदवारहरूलाई मनोनयन दर्ता गर्दा अत्यधिक सावधानी अपनाउन आग्रह गर्नुभएको छ।वीरभूम जिल्लाको नानूरमा एक चुनावी सभालाई सम्बोधन गर्नुहुदै ममता बनर्जीले भन्नुभयो, "सबै कुरा परिवर्तन भएको छ; यहाँ नयाँ प्रणाली लागू गरिएको छ। निर्वाचन आयोगद्वारा नियुक्त गरिएका नयाँ अधिकारीहरूलाई तपाईंको मनोनयन अस्वीकार गर्ने जिम्मेवारी दिइएको छ, त्यसैले मनोनयन दर्ता गर्दा सावधान रहनुहोस्।"मुख्यमन्त्रीले भारतीय जनता पार्टी (भाजपा) माथि राजनीतिक लाभका लागि केन्द्रीय एजेन्सीहरूको दुरुपयोग गरेको आरोप लगाउनुभएको छ। उहाँले विशेष गरी महिलाहरूलाई भाजपालाई मतदान नगर्न अपील गर्नुभयो र भाजपा पार्टी महिला विरोधी भएको बताउनुभयो।

**भागोप्रोमो नामांकन**

खरसाङ विधानसभा समष्टिको लागि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेद्वार अमर लामाले आज खरसाङमा आफ्नो नामांकन पत्र बुझाएका छन्। आफ्नो नामांकन पत्र बुझाउन अघि उम्मेद्वार अमर लामा र भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रीय संस्थापक अध्यक्ष अनित थापाले आज बिहान खरसाङको गिध्द पहाडस्थित मन्दिरमा पूजा अर्चना गर्नुभएको थियो। उहाँले नामांकन भर्न अघि खरसाङको मोटर स्ट्याण्डमा सर्व धर्म पूजा गरिएको थियो। उक्त पूजा अर्चनापछि खरसाङको मोटर स्ट्याण्डबाट भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको समर्थकहरुले विराट रैलीको आयोजना गरेको थियो। उक्त रैली हिल कार्ट रोड हुँदै महकुमा अस्पताल मोड हुँदै वर्ध्दमान रोड भएर पुनः मोटर स्ट्याण्ड आएपछि पंखाबारी रोड हुँदै खरसाङ महकुमा शासक कार्यालय माथिपट्टिको रोडसम्म पुगेको थियो। उक्त रैलीपछि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको उम्मेद्वार अमर लामाले खरसाङ महकुमा शासक कार्यालयमा पुगेर खरसाङ महकुमा शासक प्रिया यादवलाई आफ्नो नामांकन पत्र बुझाउनु भएको छ। अब उनको नामांकन पत्रको जाँच 7 अप्रेलमा हुनेछ।

**अनित थापा**

जी टी ए प्रमुख कार्यपाल तथा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष अनित थापाले आगामी विधान सभा चुनावका निम्ति अमर लामाले नामांकन दर्ता गरेपश्चात पत्रकारहरूलाई सम्बोधन गर्दै हाम्रो चुनाव चिन्ह मैनबत्तीबाट ब्याट्रीको टर्च लाइट भएको बताउनुभएको छ। उहाँले मैनबत्तीको चिन्ह केन्द्रीय चुनाउ आयोगको सूचीमा नभएकोले हाम्रो चुनाव चिन्ह ब्याट्रीको टर्च लाइट भएको बताउनुभएको छ। उहाँले टर्च लाइट पानी र हावाले निभ्दैन। हामी उज्यालो मन पराउँछौँ भनी बताउनुभएको छ।

**कालेबुङ भागोप्रोमो नामांकन**

कालेबुङ जिल्ला भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको पार्टी कार्यालयबाट व्यापक समर्थकका साथमा कालेबुङका भागोप्रमो उम्मेदवार रूदेन् सादा लेप्चाले रोड शो गर्दै महकुमा अधिकारी कार्यालय पुगेर आगामी विधान सभा निर्वाचनको निम्ति भागोप्रमोको प्रार्थिको रुपमा नामाङ्कन पत्र दर्ता गर्नुभएको छ। आफ्नो नामाङ्कन दर्ता गरिसकेर उहाँले पत्रकारहरूलाई सम्बोधन गर्दै यस वर्ष विगत वर्ष भन्दा आफ्नो भोट बढेको बताउनुहुदै कालेबुङको निम्ति विभिन्न परिकल्पना रहेको बताउनुभएको छ। कालेबुङलाई दुई भागमा विभाजन गरेर राम्रो प्रशासन दिन उहाँ अघि आएको बताउनुभयो।

**दार्जिलिंग SIR**

दार्जिलिंग क्षेत्रमा एसआइआर प्रक्रिया अन्तर्गत मतदाता सुचिवाट नाम डिलिट भएका मानिसहरू आज सडकमा निस्केर बोरोध प्रदर्शन गरेका छन् ।एसआइआर प्रक्रिया अन्तर्गत मतदाता सुचिवाट नाम डिलिट भएकाहरुले "आफुहरुले कुनै अवस्थामा पनि भोट हाल्न पाउनु पर्ने भन्दै दार्जिलिंग महकुमा कार्यालयका डिएम कार्यालय विरोध प्रदर्शन गरेका बताएका छन् |

**भाजपा जिल्ला प्रवक्ता**

चुनाव नजिकिँदै जाँदा राजनीतिक गतिविधि तीव्र बन्दै गएको छ। यसै सन्दर्भमा भारतीय जनता पार्टी (भाजपा)- का जिल्ला प्रवक्ता साकाल देवानले एस आइ आर सम्बन्धी विषयमा अनावश्यक प्रोपागेन्डा नगर्न आग्रह गर्नुभएको छ।उहाँले चुनावको मुखमा एस आई आर -लाई अनावश्यक रूपमा प्रोपागेन्डा बनाउनुभन्दा जनतालाई सहयोग गर्नु आवश्यक रहेको बताउनुभएको छ।देवानले चुनावी वातावरणलाई स्वच्छ र निष्पक्ष राख्न सबै पक्ष जिम्मेवार हुनुपर्ने कुरामा जोड दिनुभयो।

**दार्जीलिङ चालक संगठन**

दार्जीलिङ पहाडको चालकहरूले भोग्दै आएको समस्याहरूलाई चुनावी घोषणा पत्रमा समावेश गरियोस भन्ने माग गर्दै चालक संगठनले इण्डियन गोर्खा जनशक्ति फ्रण्टको केन्द्रीय संयोजक अजय एडवर्डस समक्ष ज्ञापन पत्र चढाएका छन्। दार्जीलिङ पहाडको चालकहरूले ट्राफिक जाम, पार्किङको समस्या आदि जस्ता धेरै समस्याहरू झेल्दै आइरहेको छ। यी समस्याहरूको समाधान गरियोस भन्दै चालक संगठनहरूले राज्य सरकार, जिल्ला प्रशासन, क्षेत्रीय जीटीए सरकार सबैलाई ज्ञापन पत्र चढाउदै आइरहेका छन्। यस्तोमा चालकहरूले भोग्दै आएको समस्याहरू अविलम्ब समाधान हुन पर्छ भन्दै सम्बंधित विभागीय अधिकारी साथै मन्त्रालय समेतमा अजय एडवर्डसले पत्रचारहरू गर्दै आएका छन् भने आज चालकहरुको समस्यालाई च्नबि घोषणामा सामेल गरिदिने भन्दै चालकहरूले ज्ञापन पत्र बुझाएका हुन्।

**आयकर विभाग**

पश्चिम बंगालको राजधानी कोलकातामा गरिएको एक ठूलो कारबाहीमा, आयकर विभागले लगभग ४.५४ करोडको विदेशी मुद्रा जफत गरेको छ। यस मुद्दाको सम्बन्धमा तीन जनालाई हिरासतमा लिइएको छ र उनीहरूसँग सोधपुछ भइरहेको छ।आधिकारिक स्रोतहरूका अनुसार, पार्क स्ट्रिट पुलिस थाना क्षेत्रमा छापा मार्ने क्रममा यो कारबाही गरिएको थियो। आयकर विभागले सूचना प्राप्त गरे पछि अधिकारीहरूले कारबाही सञ्चालन गरेको हो। छापा मार्ने क्रममा चार लाख पचहत्तर हजार अमेरिकी डलर र तीन लाख थाई भाट जफत गरिएको थियो। अनुसन्धान अधिकारीहरूका अनुसार, पक्राउ परेका तीन जना व्यक्तिले यति ठूलो मात्रामा विदेशी मुद्रा राखेको सम्बन्धमा सन्तोषजनक कागजात प्रदान गर्न सकेनन्। यसपछि, विभागले नियम अनुसार मुद्दा दर्ता गर्‍यो र सोधपुछको लागि उनीहरूलाई हिरासतमा राखेको छ। उल्लेखनीय छ कि विधानसभा चुनावको घोषणा हुनुभन्दा अघि, निर्वाचन आयोगले आयकर विभाग सहित विभिन्न केन्द्रीय सरकारी अनुसन्धान एजेन्सीहरूसँग बैठकहरू गरेको थियो। यी बैठकहरूले शंकास्पद वित्तीय लेनदेन र अवैध पैसा प्रवाहलाई नजिकबाट निगरानी गर्न निर्देशन दिएको थियो।

****** ० ******